नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, असार २७ गते २०४८ साल (पूर्वातिरिक्ताङ्क १६ (क)

भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन २०१९ को दफा ९ को उपदफा (२) र बिक्रीकर ऐन २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी कुनै यात्रीले आफ्नो निजी गुन्टा भिटी भारीमा आफूसंग ल्याएको वा लगेको (एकम्पनिड) मा आफू आउनु भन्दा अघि वा पछि ल्याएको वा पठाएको (अनएकम्पनिड) मालसामानमा भन्सार महसूल तथा बिक्रीकर सुबिधा सम्बन्धमा निम्न बमोजिमको व्यवस्था गरेको छ ।

(क) नेपाली यात्रीको लागि

१. गुन्टा भिटी भारी अन्तर्गत भन्सार महसूल तथा बिक्रीकर पूर्ण छुट हुने :

कुनै यात्रीले आफ्नो घर खर्च एवं व्यक्तिगत प्रयोगको निमित्त ल्याएको दैनिक प्रयोगका देहाय बमोजिमका माल वस्तुहरूमा पूर्ण अंशमा भन्सार महसूल तथा बिक्रीकर छुट हुनेछ ।

(१) चलन चल्तीमा ल्याएका लुगाफाटा र वरविछ्यौना, कसन तसन, घर गृहस्थीका पुराना वस्तुहरू ।

(२) चलन चल्तीमा ल्याएको फाउन्टेन पेन १, डटपेन १, र शिसाकलम एक ।

(३) [illegible] एक ।

यसमा अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) निम्न पेशामा लागेका व्यक्तिले सो सम्बन्धी कामको लागि साथमा ल्याएका सामान जस्तै :

(अ) कर्मिले काम गर्ना निमित्त चलन चल्तीमा ल्याएका ज्यावल बढीमा १ सेट सम्म ।

(आ) डाक्टरले काम गर्ना निमित्त चलन चल्तीमा ल्याएको सामान्य किसिमको औजार सामानहरु र सम्बन्धित विशेषज्ञको लागि चलन चल्तीमा ल्याएको आवश्यकीय सामानहरु ।

(इ) चलन चल्तीमा ल्याएको डाक्टर, वैद्यको यन्त्र तथा औषधि राख्ने सान वाकस (वृफकेश टाईप) ।

(ई) गवैयाको गाना वजानाको यन्त्र एक गाना वजाना सम्बन्धी आवश्यक सामान ।

(उ) खेलाडीको खेलको सामान जोर एक जस्तै राकेट २ गोटा ।

(ऊ) माछा मार्ने रड एक ।

(५) चलन चल्तीमा ल्याएको क्यामेरा १ र सो क्यामराको फिल्म प्लेट वा रोल गोटा तिन ।

(६) चामल, चिउरा, पिठो, दाल, भटमास आदि खाद्यान्न ४ किलोग्राम तर, भारतमा बसी पढ्ने नेपाली नागरिक तथा भारतीय तीर्थ स्थानमा धार्मिक पूजा आदिमा जाने यात्रुको हकमा २० किलो सम्म ।

(७) तेल ४ किलोग्राम सम्म ।

(८) घ्यू ४ किलोग्राम सम्म ।

(९) चिया १ किलोग्राम सम्म, कफी १ किलोग्राम सम्म ।

(१०) सक्खर, गुड, चाकु र चिनी प्रत्येक जम्मा २ किलोग्राम सम्म ।

(११) सुख्खा फलफूल २ किलोग्राम सम्म ।

(१२) ताजा फलफूल ४ किलोग्राम सम्म ।

(१३) मिठाई, चकलेट, अचारहरु २-२ किलोग्राम सम्म ।

(१४) औषधि उपचार गराई बिरामीहरुले ल्याएका औषधिहरु ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२८

(१५) शारिरीक अशक्त यात्रीले सहाराको रूपमा प्रयोग गरेका सामान ।

(१६) मदिरा बोतल १.१५ लिटर सम्मको ।

(१७) चमर १ थान ।

(१८) पेराम्बुलेटर एक र ट्राई साईकल एक ।

(१९) फुरंग ३ गोटा सम्म ।

(२०) चलन चल्तीमा ल्याएको थर्मस गोटा एक ।

(२१) टोवाको ४ औंस सम्म ।

(२२) चुरोट सिल्ली २०० र विडी ५० सिल्ली सम्म ।

(२३) जर्दा ४ औंस सम्म ।

(२४) स्वदेश फर्कने नेपाली नागरिकहरूले शरीरमा लगाएको सुनको गहना ३ तोला वा चांदी १५ तोला वा जवाहरात जडान भएको लगाई ल्याएको गहना गुरियाको रूपमा बढीमा रु. १०,०००।- मूल्यसम्मको ।

तर, यो सुबिधा पाउन यात्रीले बिदेशमा कम्तीमा ३ रात विताएको हुनुपर्ने र विदेशी मुद्राको आधिकारिक श्रोत पेश गर्नु पर्नेछ ।

२. माथि दफा १ मा उल्लेख गरिएका माल वस्तुका अतिरिक्त कुनै यात्रीले परिवर्त्य विदेशी मुद्राको आधिकारिक श्रोत भई देहायका माल वस्तुहरू देहायका परिमाणमा नबढाई ल्याएमा रु. १,०००।- सम्मको मूल्यमा भन्सार महसूल तथा बिक्रीकर पूर्ण रूपमा छुट हुनेछ । उक्त बमोजिम पैठारी गरेको सामान रु. १,०००।- भन्दा बढी मूल्यको भएमा त्यस्तो बढीमा प्रचलित कानून बमोजिम भन्सार महसूल तथा बिक्रीकर लाग्नेछ ।

तर यो सुविधा उपभोग गर्न विदेशमा कम्तीमा १५ रात विताएको हुनु पर्नेछ र उक्त सुविधा वर्षको २ पटक भन्दा बढी पाउने छैन

(१) कपडा सबै प्रकारका मिटर १० सम्म ।

(२) साडी ४ गोटा सम्म ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२८

(३) ऊन २ पौण्ड सम्म ।

(४) जुत्ता ४ जोर सम्म ।

(५) टोपी, टोप, मोजा, पन्जा, स्वेटर, तन्ना, रुमाल गोटा प्रत्येक ४।४ सम्म ।

(६) तयारी लुगाहरु १० जोर सम्म ।

(७) सेलौना रु. २००।- सम्म

(८) हाते लुगा सिउने मेसिन एक ।

(९) हेयर ड्रायर १ सेट ।

(१०) क्यालकुलेटर, पोर्टेबल टाईपराईटर १।१ थान ।

(११) पंखा, हिटर, ईस्त्री, १।१ थान ।

(१२) रेडियो ट्रान्जिष्टर वा क्यासेट प्लेयर छुट्टै वा संयुक्त एक ।

(१३) फ्रीज एक ।

(१४) भ्याकुम क्लीनर एक ।

(१५) ओभन वा कुकिङ रेज एक ।

(१६) वासिङ मेसिन एक ।

(१७) अन्य घरायसी प्रयोगका सामान्य वस्तुहरु रु.१,०००।- सम्मको, तर त्यस्ता प्रत्येक माल वस्तु ४ पीस भन्दा बढी ल्याउन पाउने छैन ।

३. <u>जफत हुने मालसामानहरु</u> :

कुनै यात्रीले यस सूचनामा उल्लेखित सामानहरु तोकिएको हद भन्दा बढी ल्याएमा वा भन्सार छल्ने नियतले लुकाई छिपाई ल्याएमा वा मनाही भएको सामानहरु ल्याएमा त्यस्ता सामानहरु जफत गरी कानून बमोजिम हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
४२८

४. बिदेशी मुद्राको आधिकारिक श्रोत भएका बिदेशबाट फर्केका नेपाली नागरिकहरूको लागि दिईने सुविधाः

कुटनितीक नियोग, अन्तराष्ट्रिय संस्था वा विदेशमा वसि काम गरी फर्केका विदेशमा अध्ययन, तालिम, निरिक्षण भ्रमण, सेमिनार वा सम्मेलनमा भाग लिई फर्केका नेपाली यात्रीहरूलाई विदेशी मुद्राको आधिकारीक श्रोत भएमा दफा २ बमोजिम पाउने रु. १,०००।- सम्मको मालको मूल्यमा भन्सार महसुल र बिक्री कर छुटको अतिरिक्त दफा २ मा उल्लेखित सामानको परिमाण भन्दा बढी र अन्य सामान पैठारी गरेमा आयात ईजाजत पत्र प्राप्त गरी मात्र पैठारी गर्न सक्नेछ, यसरी पैठारी गरेको सामानमा निम्न वमोजिमको सुविधा दिइनेछ ।

तर, यो सुविधा भारतवाट फर्केका नेपाली नागरिकहरूलाई (कुटनैतिक नियोगमा काम गर्ने पदाधिकारी र कर्मचारीहरू बाहेक) दिइने छैन ।

(१) १ वर्ष भन्दा वढी विदेशमा विताई फर्केका नेपाली नागरिकले पैठारी गर्ने माल वस्तुमा लाग्ने महसूल मध्ये भन्सार महसूल र विक्रीकर गरी रु. ४,२००।- को छुट दिइने छ ।

(२) ३ महिना भन्दा वढी १ वर्ष सम्म विदेशमा विताई फर्केका नेपाली नागरिकले पैठारी गर्ने मालवस्तुमा लाग्ने महसूल मध्ये भन्सार महसूल र विक्रीकर गरी रु. २,८००।- छुट दिइने छ ।

(३) १ महिना भन्दा वढी समय विदेशमा विताई फर्केका नेपाली नागरिकहरूले पैठारी गर्ने मालवस्तुमा लाग्ने भन्सार महसूल र विक्रीकर गरी रु. १,४००।- छुट दिइनेछ ।

(४) श्री ५ को सरकारले तोकेको काममा गएका व्यक्तिहरूलाई एक वर्षमा तेश्रो पटकदेखि हरेक पटक बाहिर गए वापत दफा २ बमोजिमको सामान ल्याएमा भन्सार महसूल रु. ८५०।- र विक्रीकर रु. १५०।- छुट दिईनेछ ।

(५) उपदफा (१), (२), (३) र (४) का सुविधाहरू एक आर्थिक वर्षमा एक पटक वा वढीमा ३ पटक गरी जम्मा रु. ४,२००।- भन्दा वढी दिइने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) १६ वर्ष भन्दा कम उमेरका नेपाली नागरिक विदेशमा वसी फर्कि आएमा दफा १,२ र दफा ४ को उपदफा (१),(२) र (३) मा पाउने सुविधा ५० प्रतिशत मात्र पाउने छ ।

५. एक वर्ष भन्दा बढी अवधि विदेशमा वसी परिवर्त्य विदेशी मुद्रा आर्जन गरेको आधिकारिक प्रमाण भएमा नेपाली नागरिकहरूले भन्सार महसूल तथा विक्रीकर तिरी आफ्नो साथमा ५० तोला वा परिवर्त्य विदेशी मुद्रा आर्जनको ४० प्रतिशतबाट हुन आउने परिमाण मध्ये जुन घटी हुन्छ सो परिमाणसम्म सुन ल्याउन पाउने छ ।

६. ६ महिना वा सो भन्दा वढी १ वर्ष भन्दा कम अवधि विदेशमा वसी परिवर्त्य विदेशी मुद्रा आर्जन गरेको आधिकारिक प्रमाण भएमा नेपाली नागरिकहरूले भन्सार महसूल तथा विक्रीकर तिरी आफ्नो साथमा उपरोक्त दफा ५ अनुसार पाउने सुविधा अनुसार ल्याउन पाउने सुनको परिमाणको आधा परिमाणसम्म सुन ल्याउन पाउने छन् ।

स्पष्टिकरण :

दफा ५ र ६ अनुसार सुन ल्याउंदा आफु आउनु भन्दा अघि वा पछि अनएक्म्पनिड गरी पठाउन वा झिकाउन पाउने छैन ।

७. नेपाली नागरिकले विदेश जांदा सौंगातको रुपमा नेपाली वस्तुहरु (मनाही र नियन्त्रित वस्तु वाहेक) मूल्य रु. १,०००।- सम्मको विना महसूल लैजान पाउने छन् ।

८. सिमाना ओहर दोहर गर्ने व्यक्तिको लागि :

सिमानामा ओहोर दोहोर गर्ने व्यक्तिहरुलाई माथि दफा दफाहरुमा उल्लेख भएका सुविधाहरु दिइने छैन । तर, रु. ५०।- सम्म मोल पर्ने निजी प्रयोगका मालसामान ल्याएमा भन्सार प्रमुखले औचित्य हेरी महसूल नलिई छोडन सक्नेछ ।

९. विदेशमा मृत्यू भएका नेपाली नागरिकहरुको निजी प्रयोगका सामानहरुको सम्बन्धमा कोही नेपाली नागरिकको विदेशको वसाईमा मृत्यू भएको रहेछ भन्ने प्रमाणित भए निज र निजको परिवारको निजी प्रयोगका १ पुराना सवै सामानहरु स्वदेशमा फिर्ता ल्याउंदा त्यस्ता सामानमा कुनै भन्सार महसूल र विक्रीकर लाग्ने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. क्रुप मेम्वरहरूको सम्बन्धमा :

आफ्नो तोकिएको काममा गएका हवाई कर्मचारीहरू (क्रुप मेम्वर) लाई हरेक पटक बाहिर गए वापत दैनिक पाउने भत्ताको ४० प्रतिशतसम्मको दफा १ र २ बमोजिमको सामानमा एक आर्थिक वर्षमा दुई पटकसम्म मात्र भन्सार र विक्रीकर लाग्ने छैन । तर तेश्रो पटकदेखि नियमानुसार लाग्ने भन्सार महसुल तथा विक्रीकर छुट हुने छैन ।

११. बन्देज :

(१) यो सूचना अनुसार अनएकम्पनिड गरी ल्याउने माल सामान यात्रीले आफु पुगेको ठाउँबाट चलान गरेको हुनु पर्दछ । अन्यथा यसमा उल्लेखित सुविधाहरू प्राप्त हुने छैन ।

(२) अनएकम्पनिड गरी आउने आफ्नो सामानको विवरण तथा नेपाल आई पुग्ने सम्भाव्य मिति समेत खुलाई यात्रीले नेपाल प्रवेश गर्दाको अवस्थामा नै घोषणा गर्नु पर्नेछ ।

(३) यो सूचनामा उल्लेखित विदेशी मुद्राको आधिकारीक श्रोतको प्रयोजनको लागि देहाय बमोजिमको कुनै आधिकारिक प्रमाण पेश गर्नु पर्नेछ :

(क) श्री ५ को सरकारको विदेश स्थित नियोगले विदेशमा आर्जन गरेको भनी प्रमाणित गरी दिएको ।

(ख) अन्तरराष्ट्रिय संघ संस्था वा विदेशी सरकारको कार्यालय वा संस्थानले भुक्तानी दिएको भनी प्रमाणित गरी दिएको ।

(ग) खण्ड (ख) मा उल्लेख भए देखि बाहेक अन्य कुनै विदेशी संस्थाले काममा लगाए बापत पारिश्रमिक स्वरूप भुक्तानी दिएको भनी प्रमाणित गरी दिएको ।

(घ) विदेश स्थित बैंकहरूमा खाताखोली विदेशी मुद्रा जम्मा गरेको भनी बैंकले दिएको प्रमाण ।

(ङ) पासपोर्ट, हवाई टिकट तथा औषधोपचारको लागि प्राप्त सटही सुविधा बाहेक बैंक मार्फत प्राप्त गरेको सटही सुविधाको प्रमाण ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) <u>विदेशी पर्यटकहरुको लागि</u>

पासपोर्ट लिई आउने जाने विदेशी पर्यटकहरुका लागि निम्न बमोजिम सुविधा दिईएको छ ।

(१) <u>पछि फिर्ता जाने शर्तमा छाडिने</u> :

(क) चलन चल्तीमा ल्याएको बाईनाकुलर (दुरबिन) गोटा एक ।

(ख) चलन चल्तीमा ल्याएको मुभी क्यामरा या भिडियो क्यामरा (सोको डेक सहित) गोटा एक, क्यामरा गोटा एक । (भिडियो क्यामरा या मुभी क्यामरा पासपोर्टमा जनाई छाडने) ।

(ग) चलन चल्तीमा ल्याएको रेडियोग्राम एक, रेकर्ड प्लेयर एक, रेडियो या टुईनवन, थ्री ईनवन या टेपरिकर्डर एक थान र रेकर्ड क्यासेट र खाली क्यासेटहरु १० थान (पासपोर्टमा जनाई छाडिने) ।

(घ) चलन चल्तीमा ल्याएका लुगाफाटाहरु वर विछ्यौना कसन तमन, घर गृहस्थीका पुराना वस्तुहरु ।

(ङ) पेराम्बुलेटर गोटा एक, ट्राई साईकल एक ।

(च) चलन चल्तीमा ल्याएका फाउण्टेन पेन एक डट्पेन वा सिसाकलम सहितको सेट एक ।

(छ) चलन चल्तीमा ल्याएको घडी एक ।

(ज) निम्न पेशामा लागेका व्यक्ति भए सो सम्बन्धी कामको सामान जस्तै :

(अ) कर्मिले काम गर्ना निमित्त चलन चल्तीमा ल्याएको उपावल बढीमा १ सेट ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४४२

(आ) डाक्टरको काम गर्ना निमित्त चलनचल्तीमा ल्याएको सामान्य किसिमको औंजार सामानहरु र सम्वन्धित विशेषज्ञको लागि चलन चल्तीमा ल्याएको आवश्यकीय सामानहरु ।

(इ) चलन चल्तीमा ल्याएको डाक्टर, वैद्यको यन्त्र तथा औषधि राख्ने सानो वाकस (वृफकेश टाईप) ।

(ई) गवैयाको गाना वजानाको यन्त्र एक, गाना वजाना सम्वन्धी आवश्यक सामान ।

(उ) खेलाडीको खेलको सामान ।

(ऊ) माछा मार्ने रड ।

उपरोक्त मालवस्तु वाहेक विदेशी पर्यटकले ल्याउने लैजाने सामानहरु भन्सार प्रमुखले औचित्य ठहराएमा विना महसूल ल्याउन लैजान दिन सक्नेछ ।

(२) <u>सुपत हुने मालसामान</u> :

(१) रक्सी वोतल एक १.१५ लिटर सम्मको वा वियर १२ क्यान सम्म ।

(२) चुरोट २०० खिल्ली, सिगार ५० खिल्ली, टोवाको २५० ग्राम सम्म ।

(३) क्यामराको फिल्म १५ गोटा र मुवी फिल्म १२ रील ।

(४) औषधि रु. १,०००।- सम्म (नेपालमा पैठारी मनाही भएका औषधिहरु वाहेक) ।

(५) खाने कुराहरु टिन प्याक समेत रु. १,०००।- सम्मको ।

(६) ताजा फलफूल रु. १,०००।- सम्मको ।

(३) विदेशी पर्यटकले नेपाल अधिराज्यबाट लैजान सक्ने सोगातको हकमा निजले नेपाल अधिराज्यमा विदेशी मुद्रा सटही सम्वन्धी कारोवार गर्ने बैंक वा त्यस्तो विदेशी मुद्रा सटही गर्न तोकिएको अधिकृत डिलरसंग विदेशी मुद्रा सटही गरेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४२

प्रमाणिक हदसम्म नेपालमा उत्पादित माल सामान विना ईजाजत पत्र (निकासीमा वन्देज लागेको बाहेक) लैजान सक्ने छ । तर विदेशी पर्यटकले उक्त सुविधा पाउन नेपाल प्रवेश गर्ने समयमा विदेशी मुद्रा घोषणा गरेको आधारमा दिईनेछ ।

(ग) विशेष व्यवस्था

२०४८ आषाढ २७ गते सम्म विदेश गई २०४८ श्रावण २७ गते सम्म फर्कि आउने यात्रुलाई तत्काल प्रचलित नियम बमोजिमको सुविधा दिईनेछ ।

तर, यस्ता यात्रीले नियम बमोजिम ल्याउन पाउने सामान आफ्नो साथमा नल्याई अनएकम्पनिड वा कार्गो गरि पठाएको भए, सामान आउँदैछ भनि फर्कि आएकै दिन उद्‌घोषण गरेको भएमा, त्यस्ता सामान श्रावण २७ गते सम्म गोदाम दाखिल भई सकेको हुनु पर्नेछ ।

खण्ड ४० मिति २०४७।१।२७ अतिरिक्तांक ६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्वन्धी सूचना र त्यसमा समय समयमा भएका संशोधनहरु खारेज गरिएको छ ।

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।